लमही नगरसभामा

उप प्रमुख श्री लक्ष्मी योगीद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/०८४ को बजेट

लमही नगरपालिका, दाङ

लुम्बिनी प्रदेश, नेपाल

२०८३ आषाढ ९ गते मंगलबार

१९ औं नगरसभाका सम्मानित अध्यक्ष महोदय,

सम्मानित सदस्य ज्यूहरु,

उपस्थित सम्पूर्ण महानुभावहरु,

यस सम्मानित नगसभा समक्ष लमही नगरपालिकाको नगर उप-प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु ।

यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका आन्दोलनको क्रममा जिवन उत्सर्ग गर्नुहुने महान शहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते, अपाङ्गता भएका व्यक्ति र बेपत्ता नागरिक लगायत सबै जनसमुदायप्रति उच्च सम्मान व्यक्त गर्दछु।

जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार अन्तर्गत यस कार्यालयबाट उपलब्ध हुने सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, भरपर्दो र पारदर्शी बनाउन हामी हरपल प्रयत्नरत रहेका छौं ।

बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघीय सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम, लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून र मापदण्ड, आवधिक योजना, आर्थिक ऐन, आर्थिक विधेयक, नगर सभाका सदस्य, कार्यपालिका सदस्य लगायत विभिन्न राजनीतिक दलका पदाधिकारीहरु, संघ सस्था, बुद्धिजीवी, नागरिक समाज, व्यवसायी, नागरिकहरुबाट प्राप्त सुझावहरुलाई यथासम्भव मार्गदर्शनको रुपमा लिएका छौं।

सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता मार्फत लमही नगरपालिकाको अर्थतन्त्रलाई सुदृढ बनाउँदै नगरपालिका क्षेत्रमा उपलब्ध साधन स्रोतको सीमान्तकृत, पिछडिएका वर्ग, क्षेत्र, लिङ्ग, जाती र समुदायलाई न्यायोचित वितरण हुनेगरि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

अध्यक्ष महोदय,

आर्थिक वर्ष २०८२/०८३ मा यस नगरपालिकाको उपलब्धि/कार्यान्वयन को अवस्था संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, कार्यसम्पादन मूल्याङ्कनमा क्रमशः सुधार गर्दै आ.व. २०८१/०८२ मा ६४.१५ प्रतिशत अंक प्राप्त गरि दाङ जिल्लामा तेस्रो स्थानमा रहेका छौं ।

२. विद्युतीय शासनको अवधारणालाई अवलम्बन गरि अधिकतम सेवाहरु छिटो, छरितो र सहज रुपमा प्रदान गर्ने गरिएको छ।

३. नमुना मा.वि गुरुयोजना स्वीकृत भई ८ कोठे भवन, शौचालय सहित ३ वटा विज्ञान प्रयोगशाला, चिल्ड्रेन पार्क, कम्पाउण्ड वाल र ग्राउण्डमा ब्लक बिछ्याएको छ।

४. शिक्षक दरबन्दी मिलान गरि तहगत प्रधानाध्यापक व्यवस्थापन कार्य सम्पन्न गरि शिक्षक अपुग रहेका माध्यमिक, आधारभूत र प्राथमिक तहका विद्यालयमा ६६ जना नगर अनुदान शिक्षकको व्यवस्थापन गरिएको छ।

५. न्यून वेतनधारी बालविकास स.का. र विद्यालय कर्मचारीलाई प्रोत्साहन अनुदान उपलब्ध गराउँदै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सबै सामुदायिक विद्यालयहरुमा ई-हाजिरी, सि.सि. टिभी क्यामरा र स्मार्ट बोर्ड वितरण गरि विद्यालयको नियमित अनुगमनलाई व्यवस्थित गरिएको छ।

६. सामुदायिक विद्यालयका छात्राहरुको पठनपाठनलाई नियमित गराउन र अनुपस्थित दर कम गराउन निःशुल्क स्यानिटरी प्याड वितरण र कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई विद्यालयमा नियमित उपस्थित गराउन दिवा खाजाको व्यवस्था गरिएको गरिएको छ साथै विपन्न तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ।

७. राष्ट्र निर्माण एवं विकासमा खेलाडीको भूमिकालाई सवल, सक्षम र प्रभावकारी बनाउन विद्यालयस्तरीय खेलकुद प्रतियोगिता एवं विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सम्पन्न गरिएको छ ।

८. सूचना प्रविधि क्षेत्रलाई थप प्रभावकारी बनाउन बजार क्षेत्रमा रहेका सि सि टि भी क्यामराहरु मर्मत सम्भार गरि सञ्चालित गरिएको छ ।

९. कर्मचारीहरुको क्षमता विकास गर्न र प्रविधिमैत्री बनाउन राजश्व संग सम्बन्धित कर्मचारीलाई सुत्र प्रणालीको तालिम सञ्चालन गरिएको छ ।

१०. करिव ५२ जना नागरिकको घरदैलोमा पुगि व्यक्तिगत घटनादर्ता (जन्म र मृत्यु दर्ता) प्रमाणपत्र उपलब्ध गराईएको छ ।

११. न्यायीक समितिले सम्पादन गरेको कार्यहरुको बारेमा स्थानीय पत्रकारहरुसंग अन्तर्किया कार्यक्रम सम्पन्न भएको छ ।

१२. आधारभूत मेलमिलापकर्ता पुनर्ताजकी तालिम सञ्चालन गरि प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको छ ।

१३. महिलाहरुको प्रजनन् स्वास्थ्य समस्याहरुको निदान तथा उपचारका लागि प्रसुति रोग विशेषज्ञबाट सोनपुर र सतवरियामा प्रजनन् रुग्णाता शिविर सम्पन्न गरिएको छ।

१४. २० वटा खोप सेसन र ३ वटा गाउँघर क्लिनिक मासिकरुपमा सञ्चालन गरी खोप सेवा, परिवार योजना सेवा, गर्भवती जाँच, सुत्केरी तथा नवजात शिशु जाँच आदि महत्वपूर्ण आधारभुत स्वास्थ्य सेवाहरु समुदायस्तरमै उपलब्ध गराउदै आएका छौं ।

१५. अस्पतालमा दन्त परिक्षण सेवा सञ्चालनका लागि आबश्यक मेशिन खरिद प्रक्रियामा रहेको छ।

१६. जनता संग मेयर कार्यक्रम अन्तर्गत लमही अस्पतालमा थाइरोइड जाँचको लागि आबश्यक पर्ने क्लिया मेशिन (**CLIA Machine**), एक्स रे मेशिन र हेमाटोलोजी एनालाइजरको ब्यवस्था गरिएको छ ।अस्पतालमा नयाँ प्रयोगशाला भवन निर्माण गरिएको छ ।

१७. एच.पि.भि. खोप अभियान सञ्चालन गरी लमही नगरपालिकाका १० देखि १४ बर्षसम्मका किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर हुनबाट बचाउँन एच.पि.भि. खोप लगाइएको छ।

१८. आमासँग उपमेयर कार्यक्रम मार्फत लमही नगरपालिकामा रहेका स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई पोषण खर्च भनी जनही रु. १०००।– का दरले रकम उपलब्ध गराईएको छ ।

१९. समुदायस्तरमा स्वास्थ्य क्षेत्रमा काम गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्नका लागि खाजा तथा सञ्चार खर्चको ब्यवस्था गरिएको छ ।

२०. चालु आ व मा ३९ जना अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र वितरण गरिएको र अपाङ्गता भई सहायक सामग्री आवश्यकता भएका व्यक्तिहरु मध्ये २५ जनालाई सहायक सामग्री यसै आ व को अन्त्यसम्म वितरण गरिनेछ ।

२१. **CFLG** सम्बन्धित विभिन्न कार्यक्रम अन्तर्गत नगरपालिकाभित्र रहेका बालबालिकाको वस्तुगत विवरण र स्थितिपत्र तयार गर्ने काम अन्तिम चरणमा रहेको छ ।

२२. पञ्चेबाजा तालिम, फलामको औजार (चुलेसी, खुकुरी, खुँडा) बनाउने तालिम, महिलाहरुलाई चुरा पोते बनाउने तालिम लगायत विभिन्न क्षमता विकास तथा सिप विकास कार्यक्रम सञ्चालन भएका छन् ।

२३. १० जना हिंसा पिडित महिलाहरुलाई अल्पकालिन आश्रय दिइएको छ साथै लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, लागु पद्धार्थ दुर्व्यसनी/बाल विवाह/बालश्रम सम्बन्धि कार्यक्रम र मुक्त कमलरीहरुका लागि नेतृत्व विकास जस्ता तालिम सञ्चालन भएका छन् ।

२४. सहकारी, टोल विकास संस्था, युवा क्लब तथा सरोकारवाला व्यक्तिलाई बित्तिय साक्षरता सम्बन्धी वडास्तरीय अभिमुखीकरण कार्यक्रम, मानसिक स्वास्थ्य / मनोसामाजिक परामर्श सचेतना मुलक कार्यक्रम साथै बैदेशिक रोजगारिलाई सुरक्षित, मर्यादित, ब्यबस्थित बनाउन सुरक्षित आप्रवासन सम्बन्धी वडास्तरीय अभिमुखीकरण कार्यक्रमहरु गरिएको छ ।

२५. मेड्पा कार्यक्रम अन्तर्गत लघुउद्यम उन्मुख विभिन्न तालिमहरु सञ्चालन गर्दै विशेष गरि महिलाहरुलाई आत्मनिर्भर बनाउँदै लगिएको छ ।

२६. पशु सेवा अन्तर्गत लमही नगरपालिकाका सम्पूर्ण किसानहरुलाई नि:शुल्क औषधिका साथै खोप सेवा प्रदान गरिएको छ ।

२७. सार्वजनिक स्वास्थ्य पशु कल्याण तथा सडक सुरक्षालाई मध्यनजर गर्दै सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिएको छ ।यस कार्यबाट सामुदायिक कुकुरको अनियन्त्रित वृद्धि न्यूनिकरण भई रेबिज नियन्त्रण तथा मानव पशु मैत्री बाताबरण निर्माणमा सकारात्मक उपलब्धि हासिल भएको छ ।

२८. विपद् प्रतिकार्यका लागि राष्ट्रिय विपद् प्राधिकरणले तोकेको मापदण्ड अनुरुप अन्तरस्थानीय तह समन्वय गरि विपद् प्रतिकार्यका लागि स्वयमसेवक तालिम सञ्चालन गरिएको छ ।

२९. वडा नम्बर १ देखि ९ सम्म भूमिहिन दलित २३५, भूमिहिन सुकुम्बासी १,३३७ र अव्यवस्थित बसोबासी ६,२९७ गरि जम्मा ७,८६९ लगत संकलन गरि निस्सा वितरण गरिएको छ । जस अन्तर्गत २१४ भूमिहिन दलित, १२८० भूमिहिन सुकुम्बासी र ४,८४८ अव्यवस्थित बसोबासीको प्रमाणिकरण कार्य सम्पन्न भएको छ ।

३०. नगरपालिका भित्रका कृषकहरुको उत्पादित धान सरकारले तोकेको न्युनतम समर्थन मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड संगको सहकार्यमा करिव १५०० क्विन्टल धान खरिद ब्रिक्रि कार्य सम्पन्न गरिएको छ।

३१. यस आर्थिक वर्षमा लमही नगरपालिका भित्रका करिव १५०० कृषकहरुलाई धान उत्पादन वृद्धि तथा उत्पादक्तमा अभिवृद्धिका लागि कृषकको माग अनुसारका ५० प्रतिशत अनुदानमा करिव ६,९८२ के.जि (६९.८२ क्विन्टल) उन्नत तथा हाइब्रिड वीउ वीउ वितरण गरिएको छ।

३२. वडा नं. १–९ का ४५ जना कृषकलाई बालीमा लाग्ने रोग तथा किराको प्रभावकारी नियन्त्रण एवं व्यवस्थापन गर्न रोग तथा किरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिएको छ।

३३. चालु आ.व मा कुल २ कि.मि. सडक कालोपत्रे निर्माण कार्य सम्पन्न गरिएको छ ।

३४. पूर्वाधार विकास तर्फ सडक ग्राभेल करिब २२ कि.मि., पक्की नाली निर्माण १४ कि.मि. र साना ठूला गरि १८ वटा कल्भर्ट निर्माण सम्पन्न भएको छ ।

३५. वडा नं ५ मा पशु सेवा भवन निर्माणको अन्तिम चरणमा रहेको छ ।

३६. लमही नगर क्षेत्रको आन्तरिक आयको भरपर्दो आधार नदीजन्य पदार्थको उत्खनन् तथा विक्री वितरण गर्ने प्रयोजनको लागि १८ वटा ठेक्का सम्झौता भई कार्य सम्पन्न भईसकेको छ ।

३७. नगरपालिकाका सवारी साधनलाई चलायमान बनाउँदै ति सवारीबाट करिव १० लाख राजश्व संकलन गरिएको छ साथै स्थानीयको माग बमोजिम सडक मर्मत र ग्रावेल गरि सडकलाई सहज बनाउने प्रयत्न गरिएको छ ।

३८. शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत चालु आ व मा १ करोड ७५ लाख विनियोजन भएकोमा वडाहरुमा पूर्वाधार निर्माण, सिंचाई र खानेपानी गरि ११ वटा आयोजनाहरू सम्पन्न गरिएको छ। जसबाट करिब ३ सय ५३ जना स्थानीय नागरिकले आंशिक रोजगारी पाएका छन् ।

३९. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत चालु आ व मा विनियोजन भएको २० लाख रकमबाट टिनको छाना लगाएका लाभग्राहीहरूमध्ये दोस्रो किस्ता वापत् ६० घरधुरीलाई भुक्तानी दिईएको छ। नगरपालिका भित्र सञ्चालनमा रहेका सम्पूर्ण सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकलाई

४०. प्रत्येक वर्ष कोपोमिस र आधारभूत लेखापालन सम्बन्धि तालिम सञ्चालन गर्दै सहकारी संस्थालाई वित्तिय पारदर्शितातर्फ उन्मुख बनाउँदै लगिएको छ ।

अध्यक्ष महोदय,

आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको आय र व्ययको अवस्था संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्षमा आन्तरिक आय तर्फ १९ करोड ९७ लाख ५ हजार प्रक्षेपण गरिएकोमा जेठ मसान्त सम्म ९ करोड ८७ लाख ७२ हजार ५ सय ९७ रुपैंया संङ्कलन भएको छ । जुन कुल प्रक्षेपणको लगभग ४९.४५ प्रतिशत हुन आउछ ।

चालु आर्थिक वर्षमा कुल ८८ करोड ३१ लाख ७ हजार ९ सय २९ रुपैंया बजेट प्रक्षेपण गरिएकोमा जेठ मसान्त सम्म जम्मा ३८ करोड ४४ लाख ७८ हजार ५ सय ७२ रुपैंया खर्च भएको छ । जुन जम्मा बजेटको ४४.२ प्रतिशत हुन आउछ ।

अब म आगामी आर्थिक वर्षको बजेटका केहि उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नगरभित्रका सडकलाई बर्षभरि नै सहज आवागमन र सञ्चालनयोग्य बनाउने ।
- दीगो र योजनावद्ध पूर्वाधार निर्माण गर्ने ।
- प्राविधिक र प्रविधिमैत्री शिक्षा को विस्तारको लागि तालिम, प्रोत्साहन, छात्रवृत्ति सहित शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।
- सिकलसेल एनिमिया तथा मिर्गौला रोगका बिरामी लगायत लमही अस्पतालमा उपलब्ध सेवा सुविधालाई थप परिष्कृत र सुलभ बनाईने ।
- व्यवसाय उन्मुख, स्वरोजगार प्रवर्द्धन र आर्थिक आत्मनिर्भरताको लागि आयआर्जनमूलक र सिपमूलक तालिम सञ्चालन गर्ने ।
- व्यवसायिक र आधुनिक कृषि प्रणालीको विकास गर्ने ।
- सार्वजनिक प्रशासनलाई गुणस्तरीय र सुशासन युक्त बनाउने ।
- सबै वडाको जग्गा नापजाँच सम्पन्न गरि निस्सा प्राप्त गरेका व्यक्तिलाई पुर्जा वितरण गर्ने ।

माथि उल्लेखित उद्धेश्य प्राप्त गर्न देहायका प्राथमिकताहरु निर्धारण गरिएको छ ।

- गुणस्तरीय, दिगो र मागमा आधारित पूर्वाधार निर्माण
- शिक्षा क्षेत्रको गुणस्तर वृद्धि
- पहुँचयोग्य सुलभ स्वास्थ्य सेवा
- जलवायु परिवर्तन न्यूनिकरण, विपद् व्यवस्थापन र वातावरण संरक्षणमा लगानी
- कृषि र पशुपालन क्षेत्रमा लगानी र अनुदान ।
- महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक लगायत क्षेत्रमा लगानी
- सार्वजनिक क्षेत्रलाई थप मर्यादित, पारदर्शी र मितव्ययी बनाउन आवश्यक कानूनको निर्माण ।

अध्यक्ष महोदय,

सदस्य ज्यूहरु,

उपस्थित सम्पूर्ण महानुभावहरु,

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि विभिन्न शिर्षकमा रहेको आयको विवरण प्रस्तुत गर्न चाहन्छु ।

| क्र.स. | विवरण | श्रोत | आगामी आ.व. २०८३/०८४ को लक्ष्य |
|---|---|---|---|
| १ | संघिय सरकार | वित्तिय समानिकरण अनुदान | पन्ध्र करोड पैतिस लाख |
| २ | संघिय राजश्व बाँडफाँड | राजश्व बाँडफाँड | सोह्र करोड बहत्तर लाख तेह्र हजार |
| ३ | संघीय सशर्त अनुदान | सशर्त चालु तर्फ | तेईस करोड एकतिस लाख दश हजार |
| ४ | संघीय सशर्त अनुदान | पुँजिगत तर्फ | त्रिसठ्ठी लाख |
| ५ | संघीय सरकार समपुरक | समपुरक अनुदान | छब्बिस लाख |
| ६ | प्रदेश सरकार | वित्तिय समानिकरण अनुदान | एक करोड तिन लाख पचपन्न हजार |
| ७ | प्रदेश सरकार सशर्त | सशर्त अनुदान | |
| ८ | प्रदेश समपुरक | समुरक अनुदान | |
| ९ | प्रदेश राजश्वबाँडफाँड (सवारी साधन कर) | राजश्वबाँडफाँड (सवारी साधन कर) | एक करोड छयानब्बे लाख उनानब्बे हजार |

| | | | |
|---|---|---|---|
| १० | आन्तरिक श्रोत | आन्तरिक | आठ करोड चौरासी लाख त्रिसठ्ठी हजार पच्चिस |
| ११ | राजश्वबाँडफाँड- स्थानीय | बाँडफाँड भई प्राप्त हुने राजश्व | सोह्र करोड चार लाख नब्बे हजार |
| १२ | बैंक मौज्दात | बैंक मौज्दात | आठ करोड |
| १३ | लमही अस्पताल आन्तरिक तर्फ | आन्तरिक | एक करोड चौबिस लाख सतहत्तर हजार चार सय उन्तिस |
| | जम्मा | | पन्चानब्बे करोड एक्काइस लाख सतासी हजार चार सय चौवन्न |

त्यसैगरि आगामी आर्थिक वर्षको लागि विषयगत क्षेत्रमा छुट्याईएको बजेट प्रस्तुत गर्न चाहन्छु ।

१. पूर्वाधार विकास समिति अन्तर्गत जम्मा रु. ३१ करोड ९ लाख ३३ हजार ८ सय ५८ विनियोजन गरिएको छ ।
२. सार्वजनिक सेवा तथ क्षमता विकास समिति अन्तर्गत रु. १८ करोड ९ लाख ३३ हजार १ सय ४२ छुट्याईएको छ ।
३. सामाजिक विकास समिति अन्तर्गत जम्मा १२ करोड २७ लाख ९३ हजार रुपैंया विनियोजन गरिएको छ ।
४. आर्थिक विकास समिति अन्तर्गत रु. ५ करोड ९२ लाख ६७ हजार ४ सय ५४ विनियोजन गरिएको छ ।
५. विपद् व्यवस्थापन समिति अन्तर्गत जम्मा १ करोड १ लाख ६ हजार बजेट विनियोजन भएको छ ।

अध्यक्ष महोदय,

अब म सम्मानित सभा समक्ष क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु ।

- कार्यालयको प्रशासन सञ्चालनको लागि प्रशासनिक खर्च वापत रु. १६ करोड ५५ लाख विनियोजन गरिएको छ।
- समग्र नगरको सडक विस्तार र स्तरोन्नति, पक्की नाली, पुल तथा कल्भर्ट, सिंचाई, खानेपानी लगायतका विकास निर्माणको लागि पूर्वाधार विकास शाखामा रु. १३ करोड ९२ लाख विनियोजन गरिएको छ ।

- सामुदायिक विद्यालयको शैक्षिक, पूर्वाधार विकासको साथै प्रविधिमैत्री शिक्षा को विस्तार गर्न शिक्षा युवा तथा खेलकुद शाखामा रु. ५ करोड ५० लाख छुट्याईएको छ ।
- चालु आ व मा कार्य सम्पन्न भई भुक्तानी हुन नसक्ने विभिन्न आयोजना तथा कार्यक्रमको भुक्तानीको लागि रु.४ करोड ५० लाख विनियोजन भएको छ ।
- संघ र प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानको कार्यक्रम सञ्चालन गर्न स्थानीय तहको समेत लागत साझेदारी हुनुपर्ने प्रावधान अनुरुप आगामी आ व मा समपुरक कोषको लागि १ करोड ५० लाख रकम विनियोजन गरिएको छ ।
- चालु आ व मा सञ्चालन भईरहेका क्रमागत आयोजनाको लागि रु. २ करोड ३० लाख विनियोजन गरेका छौं ।
- बाढी पहिरो तथा अन्य विपद्को समयमा हुन सक्ने जोखिम न्यूनिकरण र राहतको लागि विपद् व्यवस्थापन कोषमा ७० लाख रकम विनियोजन गरिएको छ ।
- व्यवसायिक र आधुनिक कृषि प्रणालीको विकास गर्ने उद्धेश्यलाई सार्थक पार्नको लागि कृषि विकास शाखाको लागि रु.१ करोड विनियोजन गरिएको छ ।
- मेयर र उपमेयर संग भएका नागरिकका गुनासो र मागहरु सम्बोधन गर्ने उद्धेश्यले जनतासंग मेयर कार्यक्रम अन्तर्गत रु.१ करोड र जनता संग उपमेयर कार्यक्रम अन्तर्गत रु. १ करोड छुट्याईएको छ ।
- स्वास्थ्य सेवामा सबैको पहुँच विस्तार गर्न लमही अस्पतालको लागि रु. १ करोड ५० लाख रकम विनियोजन गरेका छौं ।
- वडाहरुमा रहेका नगर स्वास्थ्य केन्द्रको सेवा प्रवाहलाई सूचारु गर्न र विभिन्न खोप सेवाको विस्तार गर्नको लागि स्वास्थ्य शाखामा ७७ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।
- पशु सेवा अन्तर्गका कृषकलाई सेवा उपलब्ध गराउनको लागि पशु विकास शाखा अन्तर्गत रु. ५७ लाख विनियोजन गरिएको छ ।
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुको सहज जिवनयापनको लागि महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको लागि ५० लाख रकम विनियोजन गरेका छौं ।
- कर्मचारीको क्षमता विकास गरि सार्वजनिक प्रवाहलाई प्रभावकारी बनाउन सुशासन तथा संस्थागत विकास शाखामा रु. ४२ लाख रुपैंया विनियोजन गरिएको छ ।

- सहकारी संस्थाहरुलाई उत्पादन, प्रशोधन, बजारीकरण तथा उद्यम विकाससँग आबद्ध गरि उत्तरदायी बनाउने उद्धेश्यले सहकारी शाखको लागि १२ लाख २५ हजार रुपैंया विनियोजन गरेका छौं ।
- सार्वजनिक सेवा प्रवाह अनलाईनमैत्री बनाउदै बजार क्षेत्रमा रहेका सि सि टि भी क्यामेराहरुको मर्मत सम्भार र नियमितताको लागि सूचना प्रविधि शाखामा केहि बजेट विनियोजन भएको छ ।
- स्थानीय कला, संस्कृति, हस्तकला, थारु परिकार, ढकिया, गुन्द्री, हस्त निर्मित सामग्री तथा मौलिक उत्पादनहरूको संरक्षण, प्रवर्द्धन र व्यवसायीकरण गर्नको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को लागि केहि रकम विनियोजन गरेका छौं ।
- बैदेशिक रोजगारमा जाने र फर्केर आउने व्यक्ति तथा घरपरिवारको लागि विभिन्न मनोसामाजिक परामर्शका कार्यक्रम सञ्चालनका गर्न सामी कार्यक्रम अन्तर्गत बजेट छुट्याईएको छ ।
- वडा नं. १ देखि ९ सम्मका नागरिकका आवश्यकता र माग सम्बोधन गर्नको लागि प्रत्येक वडामा १ करोड ६० लाख बजेट विनियोजन गरिएको छ ।

अध्यक्ष महोदय,

सदस्य ज्यूहरु,

उपस्थित सम्पूर्ण महानुभावहरु,

लमही नगरपालिकाको आन्तरिक राजश्व लक्ष्य अनुरुप संकलन हुन नसकेको कारण बजेटले सबै क्षेत्र र विषयबस्तुलाई समेट्न नसकेतापनि आर्थिक वर्ष २०८३/०८४ को बजेटको कार्यान्वयनबाट नगरको समुचित विकास हुने, कृषि र पशु क्षेत्रका कृषकहरुलाई अनुदानमा आधारित कार्यक्रमबाट सहुलियत प्राप्त हुने, नागरिकको आवश्यकता अनुसार पूर्वाधार निर्माण गरिने, स्वास्थ्य, शिक्षाको क्षेत्रमा नागरिकका आवश्यकतालाई प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन हुने र न्यायपूर्ण समाजको निर्माण हुने अपेक्षा लिएको छु ।

अन्त्यमा, लमही नगरपालिकाले आगामी आर्थिक वर्षमा सञ्चालन गर्न लागेका वार्षिक योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि वित्तिय सुधार र आर्थिक अनुशासनबाट कर छलि तथा प्राकृतिक स्रोतको चोरी निकासी नियन्त्रण, उद्योग व्यवसायहरु दर्ता नविकरण भई सुन्दर, समृद्ध, र आत्मनिर्भर नगर बन्नेछ भन्ने विश्वास सहित आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माण तथा कार्यान्वयनमा मार्गदर्शन गर्नुहुने नगर सभाका सदस्य, कार्यपालिका सदस्य साथै विषयगत समितिका पदाधिकारीहरु, विभिन्न राजनीतिक दलका पदाधिकारीहरु, संघ सस्था, बुद्धिजिवी, नागरिक समाज, व्यवसायी, राष्ट्रसेवक कर्मचारी साथै स्थानीय पत्रकारलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा सुझाव, सल्लाह र सकारात्मक सहयोगको अपेक्षा सहित सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

नमस्कार ।